"त्रिवेणीमा कृषि, पर्यटन र पूर्वाधार - गाउँपालिकाको समृद्धि र विकासको आधार"

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम सल्यान
कर्णाली प्रदेश, सल्यान

# त्रिवेणी गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
# लुहाम, सल्यान

आ.ब. २०८०/०८१ का लागी घुर, लुहाम खोला, लंकेनी खोला, शारदा खोला, रिखेखोला, पिमखोला र ढुंगीबगर खोलाहरुको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदी उत्खनन् तथा बिकी सम्बन्धी

आ.व. २०८०।०८१

# त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लुहाम, सल्यान

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुहाम सल्यान कर्णाली प्रदेश, ...

**नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी बालुवा आदि) उत्खनन् तथा विक्री सम्बन्धी सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८०।०५।२९**
**अन्तिम दरखास्त मिति २०८०।०६।१२, १२:०० बजे सम्म**

स्थनीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा १ को खण्ड घ र यस त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय तथा तोकेको न्यूनतम अंकमा नघट्ने गरी लिखित शर्तहरुको अधीनमा रहि अनलाइन (ppmo eGP Portal) माध्यमबाट मात्र सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | दरभाउपत्र नं. | दरभाउपत्रको विवरण | उत्खनन् परिणाम ( घ.मि.) | न्यूनतम दरभाउपत्र अंक रु. (मु.अ. कर तथा अन्य कर बाहेक) | दरभाउपत्र दस्तुर रु. | धरौटी दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | TRM/SLN/G/01/080/81 | घुर, लुहाम खोला, लंकेनी खोला, शारदा खोला, रिखेखोला, पिमखोला र ढुङ्गीबगर खोलाहरु | ९४७९।२० | १००४२६५।३१ | १०००।०० | कबोल अंकको ५ प्रतिशत |

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम सल्यान
कर्णाली प्रदेश, सल्यान

## शर्ता तथा वन्देजहरु:

१. सिलबन्दी दरभाउपत्र सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र वापतको दस्तुर (फिर्ता नहुने गरी) दर्ता प्रमाण पत्र सिहत रा.बा बैंक लुहाम स्थित यस कार्यालयको खा.नं.४३८०१००३०१०१०००२ खातामा जम्मा गरेको सक्कल बैंक भौचरको Scan Copy पेश गरी (website) बाट सिलबन्दी दरभाउपत्र खरीद गरी रित पुर्वक विद्युतीय दरभाउपत्र पेश गर्नु पर्नेछ।

२. सिलबन्दी दरभाउपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाण पत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% ले हुन आउने धरौटी वापतको रकम रा.बा बैंक लुहाम स्थित यस कार्यालयको खा.नं.४३८०१००३०३००००००२ खातामा जम्मा गरेको सक्कल बैंक भौचरको Scan Copy वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ४५ दिन म्याद भएको विडवण्डको सक्कल प्रतिको Scan Copy संलग्न हुनुपर्नेछ।

३. नियमानुसार मु.अ.करमा दर्ता भएका ईच्छुक फर्म वा कम्पनीबाट तोकिएको प्रति क्यु.फुट रु.३।- का दरले कायम गरिएको न्यूनतम अंकमा नघट्ने गरी रित पूर्वक विद्युतीय सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

४. पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरु १५ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधि एवं बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न सकिनेछ।

५. प्रि-विड मिटिङ्ग सुचना प्रकाशन भएको मितिले ८ औं दिनको दिउँसो १:०० बजे यस कार्यालयमा हुनेछ।

६. दरभाउपत्र भर्दा अक्षर अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

७. म्याद नाघी आएको र रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

झुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुहाम सल्यान
कर्णाली प्रदेश, सल्यान

८. सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित ठेक्काको मु.अ.कर (VAT) बाहेक ठेक अंकको रकम यस कार्यालयमा र कबोल अंकको १३% ले हुने मु.अ.कर र १.५% ले हुन आउने अग्रीम आयकर रकम कार्यालयमा दाखिला भएको प्रमाण पेश भए लगत्तै सम्झौता हुनेछ। एकमुष्ट रकम बुझाउन नसकिने अवस्थाको निवेदन प्राप्त भएमा ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी बाँकी ५० प्रतिशत ले हुन आउने रकम बराबरको २०८१ साल श्रावण मसान्तसम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकको परफरमेन्स वण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ। उक्त बाँकी ५० प्रतिशत रकम २०८१ साल चैत मसान्तसम्म नियमानुसार बुझाई सक्नु पर्नेछ तोकिएको समय भित्र बाँकी ५० प्रतिशत रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम असुल उपर गरिनेछ।

९. उपरोक्त न्यूनतम अंकमा मूल्य अधिबृद्धी कर (VAT) समावेश नभएको हुँदा सम्बन्धित ठेकेदारले बिक्री शुल्क असुल गर्दा तोकिए बमोजिमको मु.अ.क. समेत समावेश गरी रसिदबाट असुल उपर गर्नु पर्नेछ।

१०. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै बेहोर्नु पर्नेछ।

११. तोकिएको न्युनतम अंकमा बढाबढ गरी सबै भन्दा बढि अंक कबोल गरेको लाई छनौट गरिनेछ।

१२. कार्यदिश लिएको मिति देखि मात्र ठेक्का चलान गर्न पाईनेछ। साथै तोकिएको परिमाण उठाई सकेमा ठेक्का समयावधी समाप्त हुनेछ तर नसकेको अवस्थामा पनि ठेक्काको अवधि २०८१ साल जेष्ठ मसान्तसम्म मात्र हुनेछ।

१३. मानब साधन तथा उपकरणहरु प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागी स्वीकृती लिई यस गाउँपालिकाको निर्णयानुसार खोला/नदिलाई Channelizing गरि नदिको Bed Materials लाई विशेष ध्यान दिई प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनको पुर्ण रुपमा पालना गर्ने ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुहाम सल्यान
कर्णाली प्रदेश

१४. नदीजन्य पदार्थको संकलन, भण्डारण र घाटगद्दी को व्यवस्था संकलन स्थलबाट न्युनतम ५०० मिटरको दुरीमा वन क्षेत्र, सार्वजनिक जग्गा, सडक किनार र आवतजावतमा अवरोध नहुने गरि गर्नु पर्नेछ।

१५. घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि यस कार्यालयमा निवेदन दिनु पर्नेछ र यस कार्यालय बाट नदीजन्य पदार्थ घाटगद्दी गरिएको स्थानको अन्तिम जाँच गराई कार्यालयबाट बिक्री स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नबढाई घाटगद्दी स्थलबाट मात्र नदीजन्य पदार्थ बिक्री गर्न पाइनेछ।

१६. कुनै पनि बाहानामा अस्थायी चलन पूर्जी दिन कार्यालय बाध्य हुने छैन।

१७. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

१८. वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गर्न पाईने छैन। साथै सम्बन्धित खोला नदीको स्वीकृत प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ।

१९. घाटगद्दी गरिएको नदीजन्य पदार्थ लोड गर्ने प्रयोजनका लागि मात्र भारी यन्त्र Backhoe Loader प्रयोग गर्न सकिनेछ।

२०. घाटगद्दीबाट बिक्री वितरण गर्दाको अवधिमा उत्खनन् कार्य गर्न पाईने छैन।

२१. नदिजन्य पदार्थ उत्खनन्, संकलन कार्य सूर्योदय देखी सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ।

२२. नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पर्दाथ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल यस गाउपालिकामा बुझाउनु पर्नेछ।

२३. संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थानको व्यवस्था व्यवसायी स्वंयम आफैले गर्नु पर्नेछ।

२४. उत्खनन्, संकलन र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ।

झुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुहाम सल्यान
कर्णाली प्रदेश, सल्यान

२५. नदिजन्य पदार्थ (ढुंगा, बालुवा, मिस्कट) उत्खनन्/संकलन एवं ढुवानी कार्यमा स्थानीयवासीलाई पहिलो प्राथमिकता दिई कार्य गर्नु गराउनु पर्नेछ।

२६. घाटगद्दि स्थलमा तोकिएको नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन। तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु यस कार्यालयले जफत गर्नेछ।

२७. नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ।

२८. उत्खनन् स्थलबाट घाटगद्द स्थलसम्म ढुवानी गरि नाप जाँच गर्न मिल्ने गरी चट्टा बनाउने (पाएलिङ्ग) जिम्मा स्वंय ठेकेदारको हुनेछ।

२९. कार्यादिश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले बिक्री गर्न पाउने छैन। बिक्री गरेको पाइएमा यस कार्यालयले बिक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ।

३०. नदीजन्य पदार्थ ढुवानी गर्न सवारी साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाईने छैन। साथै नदीजन्य पदार्थ ढुवानी स्थलबाटै बाक्लो त्रिपालले ढाकेर लैजानु पर्नेछ, सडकमा पानी चुहाएर ढुवानी गर्न पाईने छैन र सवारीको गति ४० कि.मी. प्रति घण्टा भन्दा बढिमा हाक्न पाईने छैन।

३१. नदिजन्य पदार्थ लोड गरि ओसारपसार गर्ने क्रममा लोड सवारी साधन सडकमा पार्किङ्ग गर्न पाईने छैन।

३२. शहर वा बजार क्षेत्रमा नदीजन्य पदार्थ बोकेको सवारी साधन बिहान ८:00 बजे देखी बेलुका ६:00 बजेसम्म चलाउन पाईने छैन।

३३. नदिजन्य पदार्थको निकासी गर्ने बाटो मर्मतको व्यवस्था बोलपत्रदाता स्वंयले गर्नुपर्नेछ। सो खर्चको दावी गर्न पाईने छैन।

३४. नदिजन्य पदार्थको उत्खनन्, संकलन एवं ढुवानी गर्दा खटिएका कार्यालयका सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारीहरुको निर्देशन पालना गर्नुपर्नेछ।

झुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम सल्यान
कर्णाली प्रदेश, सल्यान

३५. नदिजन्य पदार्थको उत्खनन् गरिसके पछि छनौट गरि छाडिएको काम नलाग्ने वस्तु जुन स्थानमा निकालिएको हो सोहि स्थानमा लगि मिलाएर छाड्नु पर्नेछ। उत्खनन् गर्दा नदिको धार नबदलिने गरी उत्खनन् गर्नपर्नेछ।

३६. नदिजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनलाई पटकै पिच्छे बिक्रि आदेश वा बिल स्पष्टसंग भरी जारी गरिएको हुनुपर्नेछ।

३७. नदिजन्य पदार्थको उत्खनन्/संकलन एवं ढुवानी गर्ने मुल बाटोबाट सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत गर्ने र धलो उड्न नदिन नियमित पानि छर्कने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ।

३८. नदिको दुबै किनारामा नदिको चौडाईको १/३ भाग भन्दा बढि क्षेत्रमा कुनै उत्खनन् एवं संकलनको कार्य गर्न पाईने छैन। साथै IEE ले निर्दिष्ट गरेको भौगोलिक अवस्थिति GPS Point ले देखाएको अक्षांश र देशान्तरले निर्दिष्ट गरेको तथा हाल स्थलतग दुबै अवस्थालाई आधार मानि कायम क्षेत्रमा मात्र उत्खनन् एवं संकलनको कार्य गर्नु पर्नेछ।

३९. तोकिएको परिमाण पुरा हुना साथ उत्खनन्, संकलन कार्य बन्द गर्नु पर्नेछ।

४०. घाटगद्दीबाट बिक्री वा ओसारपसार गर्ने एकमुष्ट आदेश प्राप्त गरेपछि ठेकेदार गाउँपालिकाले तोकेको नमुनाको पटके बिक्री आदेश बिजक संगै जारी गर्नु पर्नेछ। सो को अभिलेख तोकिएको ढाँचाको खातामा राखी पटके बिक्री आदेशको एक प्रति सो को परिमाण खुल्ने तेरिज तयार गरि राजश्व प्रशासन शाखामा साप्ताहिक रुपमा अनिवार्य पेश गर्नु पर्नेछ। Deposit भएको नदिजन्य पदार्थ उत्खनन्, संकलन गर्दा खोला नदिको channel क्षेत्रमा रहेका Deposit मात्र उत्खनन्, संकलन एवं बिक्रि वितरण गर्नु पर्नेछ।

४१. नदीलाई Channelizing गरी उत्खनन्, संकलन गर्दा नदीको Bed Materials लाई विशेष ध्यान दिई नदिको दुबै किनारा कटानलाई सुरक्षा हुने गरि संकलन गर्नु पर्नेछ।

झुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुहाम सल्यान कर्णाली प्रदेश, सल्यान

## BOQ

यस त्रिवेणी गाउँपालिका गाँउकार्यपालिकाको कार्यालय, लुहाम सल्यानको मिति २०८०/०५/२९ मा प्रथमपटक प्रकाशित सुचना अनुसार नदीजन्यपदार्थ (ढुङ्गा,गिट्टी,बालुवा आदी) उत्खनन् तथा बिकी सम्बन्धि उल्लेखित शर्तहरु सवै अध्ययनगरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित आ.व.२०८०/८१ मा घुर, लुहाम खोला, लंकेनी खोला, शारदा खोला, रिखेखोला, पिमखोला र ढुंगीबगर खोलाहरुको बिभिन्न स्थानवाट नदीजन्यपदार्थ उत्खनन्, संकलन तथा निकासी कार्यगर्नको लागि चालु आ.ब २०८०।०८१ को लागि रितपूर्वक E-Bidding सिलबन्दी दरभाउपत्र पेस गरेको छु ।

| सि.नं. | ठेक्का नं. | खोलाको नाम | कुल संकलन घन मि. | न्यूनतम ठेक्का रकम रु. अंकमा (कर बाहेक) | कबोल रकम रु. (कर बाहेक) | | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | | |
| १. | TRM/SLN/G/01/080/081 | घुर, लुहाम खोला, लंकेनी खोला, शारदा खोला, रिखेखोला, पिमखोला र ढुंगीबगर खोलाहरु | ९४७९.२० | १०,०४,२६५.३१ | | | कबोल अंकको ५( पाँच) प्रतिशत | १०००। | |

फर्मसँग पेश गर्नुपर्ने कागजात :

१. फर्म कम्पनी वा व्यवसायी इजाजत पत्र (नविकरण भएको) भ्याट नं. तथा कर दर्ता प्रमाण पत्र प्रतिलिपिहरु ।

२. आ.व. २०७९।८० को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

३. बोलपत्र दाता आफू यसअघि कुनैपनी खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वघोषणा पत्र ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत